# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# ठुलिभेरी नगरपालिका
# डोल्पा




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )


पत्र संख्या:२०७६/७७
च.नं १२२

मिति: २०७७/३/२९

श्री प्रमुख ज्यू,
ठुलीभेरी नगरपालिका,
डोल्पा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**


नेपालको संविधानको धारा २४१ वमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) वमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २६ गते ।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुर पश्चिम प्रदेश)


पत्र संख्याः ०७६।०७७ मितिः २०७७।३।२९
च.नं ९२२

श्री नगरप्रमुखज्यू,
ठूलीभेरी नगरपालिका,
डोल्पा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले ठूलीभेरी नगर कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्वन्धित अन्य विबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्वन्धित अन्य बिवरणले स्थानीयतहसँग सम्वन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१.पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तिय विवरण तयार गरेको छैन ।

२.लेखापरीक्षणबाट रु ६ करोड ६७ लाख ५७ हजार बेरुजू देखिएको छ। सा मध्ये असुल गर्नुपर्ने रु १४ लाख ९१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु १ करोड ३२ लाख.७ हजार नियमित गर्नुपर्ने रु.२ करोड २० लाख. ८९ हजार र पेश्की बाँकी रु २ करोड ९९ लाख ७० हजार रहेको छ ।

३.लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।६।१२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराका`अन्तीम प्रतिवेदन पाना २२ यसैसाथ संलग्न छ ।

४.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व एकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्वन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसकालागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा वन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्वन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सवै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायबमहालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# ठुलीभेरी नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचय :** नेपालको ६ नं. प्रदेश कर्णालीको १० जिल्ला मध्ये तुलनात्मक रुपमा र्दुगम हिमाली जिल्लाको रुपमा रहेको डोल्पा जिल्ला समून्द्र सतहबाट न्यूनतम १५२५ देखि अधिकतम ७७५४ मिटरको उचाईसम्म फैलिएको छ । साविकका रह, जुफाल, माझफाल  र दुनैगाविसलाई समायोजन गरि ठूलीभेरी नगरपालीका गठन गरिएको हो । यस नगरपालिकामा ११ वटा वडा रहेका छन् ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरनगरपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकारद्वारा संचालन भएको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

## एकिकृत आय व्यय

| सि.नं. | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | | १४३९०४२६६.८० |
| | क) नगद | | ० | २ | **पूँजीगत खर्च** | | ६९३००००० |
| | ख) बैंक | | २१९००० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | क) ऋण भुक्तानी | | ० |
| | क) आन्तरिक राजस्व | | २७३५९१४.२० | | ख) ब्याजभुक्तानी | | ० |
| | ख) राजस्व बाँडफाँड | | ३५२३६५६.५४ | | ग) अन्य भुक्तानी | | ० |
| | ग) अन्य आय | | ० | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | | ऋण लगानी | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | | ६९३००००० | | शेयर लगानी | | ० |
| | ख) सशर्त अनुदान | | १६७७५४००० | | अन्य लगानी | | ० |
| | ग) समपूरक अनुदान | | | ५ | **धरौटी फिर्ता** | | |
| | घ) विशेष अनुदान | | | ६ | **कोष खर्च** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ७ | **सशर्त अनुदानको रकम फिर्ता** | | |
| | क)वित्तीय समानीकरण अनुदान | | | ८ | **मौज्दात** | | |
| | ख) सशर्त अनुदान | | | | क) नगद मौज्दात | | ० |
| | ग) समपूरक अनुदान | | ५४६८४५८ | | ख) बैंक मौज्दात | | १२३७८२७१.७८ |
| | घ) विशेष अनुदान | | ० | ८ | **को ले नि का फिर्ता** | | २३८४९७३३.१६ |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ० | | | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | ० | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | ० | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | ० | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | ४००००० | | | | |
| १० | **धरौंटी आय** | | ३१२४३ | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | ० | | | | |
| १२ | **अन्य विविध आय** | | ० | | | | |
| | **जम्मा** | | २४९४३२२७१.७४ | | **जम्मा** | | २४९४३२२७१.७४ |

मुल संचितकोष खाताबाट ट्रान्सफर भएको रकम चालु खर्च खाता, पुजिगत खर्च खाता र अन्यकोष खाताहरुमा बाधिएको आम्दानीको कुलयोग सगँ भिडान नभएकोले सोको एकिन गरी भिडान हुनुपर्ने देखिन्छ ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | **लेखापरीक्षणको क्रममा असूलः–**लेखापरीक्षणको क्रममा रु २८०२१०४।९३ कोलेनिका फिर्ता गर्न बांकी रकम राजस्व दाखिला भएको छ । | |
| १ | **खर्च गर्ने अख्तियारी र कार्यविधि-**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिनभित्र प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदानगर्ने व्यवस्था छ । प्रमुख प्रशासकीय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । नगरपालीका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई २०७५।५।८ मा अख्तियारी प्रदान गरेको देखियो । | |
| २ | **वजेट पेश गर्ने तथा पारित गर्ने-**स्थानीयतह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीयतहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्य पालिकावाट स्वीकृत गराई सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय-व्ययको अनुमानका साथै गतवर्षको वास्तविक आयव्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आयव्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले बजेट तथा कार्यक्रम २०७५।३।२८ मा प्रस्तुत गरी पारीत गरेको छ । | |
| ३ | **आन्तरीक नियन्त्रण प्रणाली-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम स्थानीयतहले आफनो कार्यालय वाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।<br>(क) कार्यालयमा कार्यरत सबै कर्मचारीहरुको कार्य जिम्मेवारी सहितको कार्य विवरण तयार गरी लागू गरेको पाइएन ।<br>(ख) वार्षिक खरिद योजना र खरिद ईकाइ गठन गरेको पाईएन ।<br>(ग)कार्यालयको लक्ष्य तथा कार्यक्रम बारेमा सेवा ग्राही संग अन्तरक्रिया कार्यक्रम गर्नु पर्नेमा गरेको छैन ।<br>(घ) कार्यालयले उद्देश्य प्राप्तीमा आइपर्ने संभाविन जोखिमहरु पहिचानगर्नु पर्दछ ।<br>(ङ)कार्यक्रम संचालनको अनुगमन तथा सुपरीवेक्षण अन्य तहबाट गर्नु पर्दछ ।<br>(च) जिन्सी निरीक्षण गरी प्रतिवेदन उपर आवश्यक कारवाही गर्नु पर्नेमा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको छैन ।<br>(छ) डोर हाजिर नियन्त्रण खाता राखेको पाइएन ।<br>(ज) मु.अ.कर भुक्तानी को जानकारी आन्तरिक राजस्व कार्यालयमा नदिएको ।<br>(झ) पेश्की लेजर राखेको पाईएन ।<br>(ञ) मासिक रुपमा तयार गर्नुपर्नेमा म.ले.प.फा.नं. १३, खर्चको फाँटवारी एवं म.ले.प.फा.नं. १४ पेश्कीको विवरण तयार गरेको छैन ।<br>(ट) नगरपालिकाले योजनागत रुपमा कार्य अभिलेख खाता राखेको छैन ।<br>(ठ) यस नगरपालीकाले वार्षिक प्रगति प्रतिवेदन तयार गरेको छैन ।<br>(ड) वित्तिय समानिकरण पूजिगत तर्फ बैंक नगदी किताबमा गो.भा.न.१२९-१३९ सम्मको खर्च पहिलेका महिनाको प्रविष्टि गरीएको हुदा बैंक नगदी किताब अद्यावधिक भएको पाईएन ।<br>नगरपालिकाद्वारा यस वर्ष संचालित कार्यक्रमहरुको योजनागत अभिलेख राखेको पाइएन । अधिकाशं कार्यक्रमहरु उत्पादन मुखि भन्दा वितरणमुखि तरिकाले छनौट गरेको देखिन्छ । | |

| | | |
|---|---|---|
| | नगरपालिकाले खर्च गर्दा अभिलेखांकन तर्फ कतिपय गोश्वरा भौचरमा मिति सम्म उल्लेख गरेको भएतापनि केहीमा गोश्वारा भौचर नं., तयार गर्ने एवं स्वीकृत गर्ने, रकम वुझिलिनेको सहिछाप ,जस्ता कुराहरु नरहेको अवस्था छ । त्यस्तैगरी गोश्वरा भौचर सिलसिलेवर भएको पाइएन । नगरपालिकाको अभिलेख प्रणाली कमजोर रहेको देखिन्छ । नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरि यस्ता पक्षमा सुधार गर्नुपर्दछ । | |
| ४ | **आर्थिक अनुशासन :** आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार सरकारी कामकाजको निमित्त कुन कामको लागि कति रकम चाहिने हो आवश्यक रकम बढि नहुने गरी पेश्की दिन सकिने व्यवस्था गरेको भएता पनि सो अनुसार काम भएको पाइएन । दैनिक तथा भ्रमण भत्ता पेश्की कार्यालयमा फर्केको ३५ दिन भित्र, माल सामान खरिदको लागि लिएको पेश्की कार्यालय फर्केको ७ दिन भित्र नै फछ्यौट गर्नुपर्ने उल्लेख भएता पनि सो अनुसार काम भएको पाइएन । लामो समयसम्म पेश्की फछर्यौट नगर्ने गरेको देखियो ।त्यस्तैगरी सस्था, फर्म, कंपनी लाई पेश्की दिंदा संझौतामा उल्लेख भए अनुसार बैंक जमानत लिएको पनि देखिदैन । सोही नियमावलीको नियम ८० अनुसार एक आर्थिक वर्षमा गएको पेश्की रकम सोही आर्थिक वर्षमा फछ्र्यौट हुन नसकेमा कार्यालय प्रमुखले फछ्र्यौट हुन बाँकी पेश्की रकमको नामनामेसी सहित अर्को आर्थिक वर्षमा जिम्मेवारीसारी प्रमाणित गर्नुपर्नेमा सो गरेको छैन । सोही नियमावलीको नियम ८१ अनुसार जिम्मेवार व्यक्तिले सम्वन्धित मन्त्रालयमा प्रत्येक आर्थिक वर्षको आषाढ महिनाको स्रेस्ता दाखिला गर्दा सो आर्थिक वर्षभरी गएको र विगतको जिम्मेवारी सरेको पेश्की मध्ये फछ्र्यौट हुन बाँकी रहेको पेश्की र बाँकी मध्ये फछ्र्यौट गर्नुपर्ने म्याद नाघेको र ननाघेको विवरणको फाँटवारी पेश गर्नुपर्नेमा गरेको पाइएन । आर्थिक प्रशासन शाखाका प्रमूखले पेश्कीको स्थितिबारे जानकारी दिन महिना समाप्त भएको ७ दिन भित्र सूचि तयार गरी कार्यालय प्रमूख समक्ष पेश गर्नु पर्नेमा गरेको पाइएन । कार्यालयले पेश्की खाता तयार गरेको छैन । तसर्थ पेश्कीको स्थिति समेत यकिन गर्न सकिएन ।<br>नगरपालिकाले मासिक रुपमा म.ले.प.फा.नं. १३,१४ तयार नगरेको , बैंक नगदी किताबमा जोडजम्मा नगर्ने, बैंक नगदी किताब अध्यावधिक नगर्ने गरेको देखियो । कर कट्टा गरेको राजस्व रकम बैंकमा समयमा दाखिला नगर्ने, त्यस्तै ससर्त अनुदान तर्फबाट दिएको निकासा एवं खर्च भै बाँकी रहेको रकम एकिन गरी समयमै कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता नगर्ने लगायत जस्ता प्रकृतिका कारोबार देखिएकोले सम्वन्धित निकायबाट छानविन गनुपर्ने देखिन्छ । | |
| ५ | **श्रोत अनुमान तथा वजेट सिमा-**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा बजेट सिमा निंधारण समितिले आएर रकमहरु बैंक नगदी किताव पछि मात्र प्रविष्टी गर्ने गरेको छ । नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्तहुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमानिर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, वजेट सिमानिर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था वमोजिम कार्यपालिकाले समयमै गर्नुपर्दछ । | |
| ६ | **वजेट तथा कार्यक्रम तर्जुमा**-स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादाम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । सो अनुसार नगरपालिकाले कार्यक्रम, कार्यक्रमको दोहोरोपना,कार्यक्रमको प्राथमिकीकरण,विषय क्षेत्र गत कार्यक्रम आपसि तादाम्यता रहने गरि वजेट तथा कार्यक्रम तर्जुमा उल्लेख भए वमोजिम कार्य गरेको छ । | |

| | | |
|---|---|---|
| ७ | **आन्तरिक ऋण:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम नगरपालीकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । गाउँनगरपालीकाले यो वर्ष कुनै पनि ऋण लिएको देखिएन । | |
| ८ | **स्थानीय तथ्यांक र अभिले**ख-स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धि नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीयतहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांङ्कले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापन प्रभावकारी बनाउन जरुरी देखिन्छ । | |
| ९ | **लक्ष्य प्रगतिको स्थिति :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । नगरपालिकाले सञ्चालन गरेका नगरपालिका स्तरीय तथा केन्दीय स्तर आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन । | |
| १० | **संचालित कार्यक्रम/योजनाहरुको अभिलेख सम्बन्धमा-** नगरपालिका अनुदान कार्यक्रम खर्च अर्न्तगत बालबालीका, महिला, आदिबासी, जनजाती, स्वास्थ्य, शिक्षा, कृषि भौतिक निर्माण लगायतका कार्यक्रम संचालन भएको पाइयो । तथापि यि संचालित कार्यक्रमहरुको अभिलेख राखेको छ । लागत अनुमान,कार्य संपन्न भएको अबधि, कार्य संपन्न हुँदा भएको खर्च लागत साझेदारी अबस्था समेत आदि देखिने गरी कार्यक्रमहरुको योजना गत खाता राखेको पाइएन । | |
| ११ | **खर्चको अनुमोदन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताका कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ । उपनियम (७) मा प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने समेत व्यवस्था छ । समितिले बिल भुक्तानीको लागि निवेदन साथ सम्झौता अनुसार काम सम्पन्न गरेको व्यहोरा मात्र उल्लेख गरी समितिको निर्णयका साथै खर्चको सार्वजनिक परीक्षण पूर्ण रुपमा गर्नुपर्नेमा गरेको पाइएन । | |
| १२ | **बैंक हिसाब**-वित्तिय विवरणले पालिकाको श्रेस्ता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यस वर्षको आम्दानी रु.२४९४३२२७१।७४- मा खर्च रु.२१३२०४२६६।८० भई को.ले नि. का फिर्ता रु. २३८४९७३३।१६ र वैक मौज्दात रु.१२३७८२२१।७८ रहेको छ । नगरपालिकाले वैक हिसाव विवरण तयार नगरेकोले हिसाव एकिन गर्न सकिएन । | |
| १३ | **चौमासिक खर्च:**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ३० प्रतिशत, दोश्रो चौमासिकमा ३० प्रतिशत र तेश्रो चौमासिकमा ४० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी आषाढ मसान्तमा तेस्रो चौमासिक मात्र ३५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापनमा ध्यान दिनु पर्दछ । | |

<table>
<tr><td>१४</td><td>कर्मचारी व्यवस्था-निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा कर्मचारी दरवन्दी ४२  रहेपनि पदपूर्ति १९ मात्र रहेको देखियो जसले सेवा प्रवाहमा असर परेको छ । तसर्थ दरबन्दी अनुसारको पदपूर्तिका लागि तालुक निकायले ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१४.१</td><td>सेवा प्रवाह : कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यस वर्ष गरेको सेवा प्रवाहको विवरण निम्नानुसार छ :
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>सेवा प्राप्तिको लागि निवेदन</th><th>सिफारिस संख्या</th></tr>
<tr><td>१</td><td>नागरिकता सिफारिस</td><td>३४०</td><td>३४०</td></tr>
<tr><td>२</td><td>राहधानीको सिफारिस</td><td>३</td><td>३</td></tr>
<tr><td>३</td><td>न्यायिक समिति</td><td>०</td><td>०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१५</td><td>तलवी प्रतिवेदन : नगरपालिकामा कार्यरत निजामति, शिक्षा,स्वास्थ्य लगायत  विषयगत क्षेत्रमा कार्यरत कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा सो वेगर तलव भत्ता भुक्तानी खर्च लेखेको पाइएकोले तलबी प्रतिवेदन गरेर मात्र खर्च लेख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td>एकीकृत आय व्यय विवरण-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को  दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्षमा आय व्ययको एकिकृत लेखा वनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एकिकृत आर्थिक विवरण तयार नगरेको साथै सबै विषयगत क्षेत्रको कारोवार अलग अलग देखिने गरि प्रस्तुत गरेको  देखिएन । सवै कारोवार समेटी कार्यालयको वैंक  हिसाव विवरण तयार गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td>वित्तीय जवाफदेहिता पालना- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । नगद वा जिन्सी तथा अन्य सरकारी सम्पत्ति समेतको हानी नोक्सानी र दुरुपयोग हुन नपाउने गरि आन्तरिक नियन्त्रण व्यवस्थालाई प्रभावकारी वनाउने साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ ले गरेको व्यवस्था अनुसार समेत स्थानीय तहको आन्तरिक लेखापरीक्षण देखिएका व्यहोराहरुमा आवश्यक कारवाही गर्नुपर्ने देखिन्छ</td><td></td></tr>
<tr><td>१८</td><td>विशेष भत्ता- नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचालन खर्च पाउने व्यवस्था भएकोमा नगरपालीकाले यस वर्ष विशेष भत्ता खर्च लेखेको छैन ।</td><td></td></tr>
<tr><td>१९</td><td>सामाजिक सुरक्षा भत्ता-  संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ को पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई बाँकी रहेमा संघिय संञ्चितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारवाट प्राप्त रकम खर्च नभई बाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । नगरपालिकाको कार्यालयले यो वर्ष सामाजिक सुरक्षा अर्न्तगत कुल रु २०३५६०००।- निकासा भएकोमा  पूरै रकम खर्च भएको देखाएको छ । नगरपालीकाले आफ्नो क्षेत्र भित्रका ११ वटै वडामा सामाजिक सुरक्षा भत्ता पाउने को  अभिलेख अद्यावधिक राखेको पाईएन , जसले गर्दा सो खर्च ठिक छ भनि विश्वस्त हुन सकिएन । तसर्थ नगरपालीकाले अभिलेख अद्यावधिक गरीराख्नु पर्दछ ।<br>सामाजिक सुरक्षा भत्ता वितरण गर्दा  वैक मा खाता खोल्न लगाई खातामा रकम</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | जम्मा गरी वास्तविक लाभग्राहीमा पुगेको अवस्थाको प्रत्याभूति गर्नु पर्नेमा हस्तलिखित भरपाइमा ल्याप्चे लगाउने गरेको, लाभ ग्राहिको विवरण नियमित रुपमा सार्वजनिक गर्ने नगरीएकोले नगरपालीका तथा तालुक मन्त्रालयवाट वस्तुगत र तथ्य फरक अनुगमन निरीक्षण गर्ने गरेको नपाइएकोले भत्ता वितरणको वास्तविकता पहिचान गर्न नसकिएको साथै प्रत्येक लाभग्राहिको खाता खोल्न लगाइ तथ्यांक नियमित रुपमा अद्यावधिक गर्ने व्यवस्था मिलाइ वैक खातामा रकम पठाउने नीति नगरपालीकाले अवलम्वन गर्नुपर्ने देखिन्छ । | |
| २० | **राजश्व अभिलेख-** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहले रु २२५०००0।- राजस्व दाखिला भएको देखिएकोमा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको वास्तविक राजस्व असुली र दाखिला एकिन हुन सकेन । यसमा नगरपालीकाले बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| २१ | **जिन्सी व्यवस्थापन-**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । साविकका गाउँ विकास समितिमा रहेका मालसमानहरु हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था रहेकोमा सो प्रतिवेदन तयार गरेको छैन ।त्यस्तै नगरपालिकाले सम्पत्तिको अभिलेख तथा मूल्यवान जिन्सी सामानहरु हराउने, हिनामिना नहुने गरी मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी अभिलेख अद्यावधिक गर्नुपर्ने साथै नयाँ खरिद भएका मालसामानहरु समेतको जिन्सी अभिलेख अद्यावधिक गर्नुपर्ने देखिन्छ । नगरपालिकाले मातहत रहेका वडा कार्यालयमा रहेका सामानको जिन्सी अभिलेख अध्यावधीक गरी राखेको पाइएन । | |
| २२ | **बरबुझारथ-**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको बुदाँ नं.१७ बमोजिम गाउँपालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ | |
| २३ | **सञ्चित कोष-** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै बाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि वडा कार्यालयले खर्च खाता खोलेको देखिएन । आर्थिक वर्षको अन्त्यमा बाँकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको देखियो । | |
| २४ | **स्रोत नक्सांकन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत , पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा नगरपालीकाले आफ्नो प्रोफाइल तयार गरेको देखिएन । तसर्थ नगरपालिकाले उल्लेखित व्यहोरा खुल्ने गरी प्रोफाइल तयार गर्नुपर्दछ । | |
| २५ | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय | |

| | | |
|---|---|---|
| | तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था रहेकोमा कर्मचारी कल्याण कोषको स्थापना गरेको देखिएन । | |
| २६ | **वातावरणीय प्रभाव-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरपालीकाले यो वर्ष वातावरण संरक्षण सम्बन्धि कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । | |
| २७ | **व्यवसाय कर-**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले कुनै पनि व्यवसाय कर उठाउने कार्यक्रम कार्यान्वियन गरेको छैन । | |
| २८ | **सवारी कर-**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी साधन कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी साधन कर उठाउने उल्लेख छ । नगरपालिकाले सवारी कर वापत रु. ३५००००। रकम असुल गरेको छ ।। | |
| २९ | **मनोरञ्जन कर-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा हल, भिडियो , सांस्कृतिक प्रदशर्न हल, संगित थियटर मनोरञ्जन प्रर्दशन स्थल ऐतिहासिक स्थलको प्रवेश शूल्कमा तोकिए वमोजिम कर लिनूपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष कूनैपनि कर संकलन गरेको पाईएन । | |
| ३० | **आनुपातिक कट्टी-**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिसगँ भएको कामको विवरण पेश भएतापनि अनुपातिक कट्टीको विवरण पेश हुन आएन । | |
| ३१ | **बहुक्षेत्रिय पोषण :** यस कार्यक्रम अर्न्तगत सुनौलो १००० दिनका आमाहरुलाई पानी शुद्धिकरणको लागि फिल्टर, र शिल्पोलिन प्लाष्टिक र तरकारीको बिउ बिजन वितरण कार्यक्रममा रु. १०९१०००।- बजेट व्यवस्था भएकोमा नगरपालीका अर्न्तगत वडा न.५ का लक्षीत ९० जना आमाहरुलाई छनौट गरी जम्मा रु. १०९१०००।-मा खरिद गरी वितरण गरेकोमा सो को उपयोगका सम्बन्धमा प्रभावकारी अनुगमन निरीक्षण हुनुपर्दछ । नगरपालिकाका सवै वडालाई समेट्ने गरी कार्यान्वियन गरीनुपदर्छ । | |
| ३२ | **सार्वजनिक परिक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन सञ्चालित कार्यक्रमको सामाजिक परिक्षण गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले सञ्चालन गरेका सम्पूर्ण योजनाको सामाजिक परिक्षण गर्नुपर्ने देखिन्छ । | |
| ३३ | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सबै पालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA)प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालीकाले यस वर्ष सफ्टवेयरमा आधारीत विद्युतिय लेखाप्रयोग गरेको देखिएन । | |
| ३४ | **सेवा करार-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ (३) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसँग करार गरी त्यस्तो सेवा करारमा लिन | |

| | | |
|---|---|---|
| | सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा पाँच लाख रुपैयाँभन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा पन्ध्र दिनको सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गरी प्रक्रिया बमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ । सो विपरीत नगरपालिकाले ३२ जना कर्मचारी सेवा करारमा राखि यस वर्ष तलब भत्ता भुक्तानी गरेको छ , जसले गर्दा सो नियमको पालना भएको पाईएन । | |
| ३५ | **कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निमाण कार्यको लागत अनुमान तयार गर्दा अनुसूची १ को ढाँचा अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था रहेको छ । सो गर्दा वर्क चार्ट स्टाफ खर्चं र सानातिना अन्य खर्चं गरी कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च भएको छ । कन्टिन्जेन्स रकम उपयुक्त कार्यमा खर्च भए नभएको एकीन हुन सक्ने गरी कन्टिन्जेन्सी सम्बन्धी खाता वा विवरण राखिएको देखिएन । यस न.पा.ले योजनागत कार्य अभिलेख खाता राखेको छैन । सबै योजनाको कन्टेन्जेसी रकम ०७६।३।२८ मा रु.३२,७७,७१२।- कन्टेन्जेसी रकम बाट दैनिक तथा भ्रमण भत्तामा रु.२९,३५,२५०।- खर्च गरेको लेखेको छ । त्यस्तैगरी अन्य सामाग्रीमा रु.३,४२,४६२।- खर्च भएको छ । नगरपालिकाका कर्मचारी एवं मेयर लगायत सबै पदाधिकारीहरुले सो दैनिक तथा भ्रमण भत्ता लिएका छन् । साथै योजना अनुसार कन्टिन्जेन्सी खर्च गर्नुपर्नेमा सबै योजनाको कुल बजेटबाट एकमुष्ट कन्टिन्जेन्सी खर्च गरेको देखिन्छ । तसर्थ सम्वन्धित योजनाको लागि आवश्यक पर्ने कन्टिन्जेन्सी योजनागत रुपमा तयार गरी नियमानुसार खर्च गर्नुपर्ने देखिन्छ । | |
| ३६ | **कर कट्टा सम्बन्धमा** :कार्यालयलेविभिन्न रकमको भुक्तानीमा विभिन्न करहरु कट्टी गर्नुपर्नेमा कट्टी गरेको पाईएन । यस सम्बन्धमा कार्यालयसँग विवण माग गरीएकोमा कार्यालयद्वारा उपलब्ध गराईएको करकट्टी र दाखिला गर्न बाँकी रकमको विवरण निम्नानुसार रहेकोले उक्त रकम दाखिला हुनुपर्ने : | २२०२६७/७४ |

| क्र.सं | योजनाको नाम | ठेगाना | डोर हाजिरीको खर्च | कर रकम |
|---|---|---|---|---|
| १. | वेरुपानि सिचाई योजना | ठुलीभेरी न.पा १ डोल्पा | ७८८५००.०० | ७८८५ |
| २. | श्याम विउ विजन केन्द्र सिचाई र घेरावार | ठुलीभेरी न.पा ५ डोल्पा | १८०४८०.०० | १८०४.८० |
| ३. | खोली हुँ गाव सम्म सिचाई निर्माण | ठुलीभेरी न.पा ५ डोल्पा | १३५९०० | १३५९० |
| ४. | सार्वजनिक शौचालय तथा खानेपानि निर्माण | ठुलीभेरी न.पा ५ डोल्पा | १३६५६०.०० | १३६५.६० |
| ५. | चारवाट रुपपाटन सम्म वृहत मर्मत खा.पा योजना | ठुलीभेरी न.पा ६ डोल्पा | ७६२३००.०० | ७६२३ |
| ६. | दुर्गाउ खेल मैदान निर्माण | ठुलीभेरी न.पा ६ डोल्पा | २४२०००.०० | २४२० |
| ७. | खालीसिम कृषि उत्पादन घेरावार (दलित) | ठुलीभेरी न.पा ६ डोल्पा | ७१५८००.०० | ७१५८ |
| ८. | दाविग घेरावार निर्माण | ठुलीभेरी न.पा ७ डोल्पा | ६९२०००.०० | ६९२० |
| ९. | कामीटोल घेरावार निर्माण | ठुलीभेरी न.पा ७ डोल्पा | ६५२४६०.०० | ६५२४.६० |
| १०. | फुलावारी देखी जुफाल वृहत खानेपानी मर्मत | ठुलीभेरी न.पा ७ डोल्पा | ६१२७२०.०० | ६१२७.२० |
| ११. | चल्लीमारे देखी चौसीला खानेपानी मर्मत | ठुलीभेरी न.पा ८ डोल्पा | १२०९६०.०० | १२०९.६० |
| १२. | मैनडाडा घेरावार निर्माण (क्रमागत) | ठुलीभेरी न.पा ९ डोल्पा | ६१३२००.०० | ६१३२ |
| १३. | तल्ली खेत सिचाई योजना | ठुलीभेरी न.पा ९ डोल्पा | ७८०७००.०० | ७८०७ |
| १४. | दलित वस्तीमा तरकारी सिचाई | ठुलीभेरी न.पा ९ डोल्पा | ०.०० | ०.०० |
| १५. | सुधारीएको घट्ट निर्माण | ठुलीभेरी न.पा ९ डोल्पा | ०.०० | ०.०० |
| १६. | वलमान मष्टा मन्दिर निर्माण | ठुलीभेरी न.पा ११ डोल्पा | ३५०९००.०० | ७१२५.०० |
| १७. | मिदाक्ती जडीवुटी खेतीको लागी घेरावार निर्माण | ठुलीभेरी न.पा ११ डोल्पा | १२७१०४०.०० | १४०५०.४३ |
| १८. | थाला गाउँ बाट पाल्फाना सम्म घो.वा. | ठुलीभेरी न.पा १ डोल्पा | | ७५९०.०० |

| | | | | |
|---|---|---|---|---|
| | निर्माण | | | |
| १९. | खाली सिम हुदै लेख सम्म घो.वा. मर्मत | ठुलीभेरी न.पा ६ डोल्पा | | ४२७५.०० |
| २०. | मष्टा भवानी मन्दिरको पर्खाल निर्माण | ठुलीभेरी न.पा ६ डोल्पा | ३६४९८०.०० | २१३७.५० |
| २१. | मतिपुर तरकारी संकलन केन्द्र सुधार | ठुलीभेरी न.पा ९ डोल्पा | २६५९४०.०० | ४५०८.३८ |
| २२. | तलि कुलो सिचाई निर्माण | ठुलीभेरी न.पा ७ डोल्पा | ३८५०००.०० | ५१०२.०० |
| २३. | वारादेव घेरावार निर्माण | ठुलीभेरी न.पा ५ डोल्पा | १४७६८०.०० | २१३८.०० |
| २४. | मान्म आधारभुत  विद्यालयमा | ठुलीभेरी न.पा  ७ डोल्पा | १८४२००.०० | ०.०० |
| २५. | आर्दश मा.वि. | ठुलीभेरी न.पा  ७ डोल्पा | ४६३२००.०० | ०.०० |
| २६. | गौरी आधारभुत  विद्यालयमा | ठुलीभेरी न.पा ९ डोल्पा | १२३६००.०० | ०.०० |
| २७. | बाबिरो आधारभुत विद्यालय | ठुलीभेरी न.पा ९ डोल्पा | १९८७२०.०० | ०.०० |
| २८. | भगवती मन्दिर निमाण | ठुलीभेरी न.पा ३ डोल्पा | ५५९१००.०० | ४६५०.०० |
| २९. | विडि मन्दिरमा टवाइलेट निमाण | ठुलीभेरी न.पा  ७ डोल्पा | १२३५२८०.०० | २५०३३.०० |
| ३०. | रह गाउ फरुक ग्रम्वा मगारा हृदै परिला सम्म पदमाग | ठुलीभेरी न.पा ११ डोल्पा | २४६२४००.०० | १९७४७.५० |
| ३१. | वड्वाल मष्टा मन्दिर | ठुलीभेरी न.पा ११ डोल्पा | ९१४०४०.०० | ५३६९.१३ |
| ३२. | गाडचौर सिचाई आया्जना | ठुलीभेरी न.पा ३ डोल्पा | ८७८५००.०० | १५२५०.०० |
| ३३. | राधिन देखी विद्ल सम्म घेरावार | ठुलीभेरी न.पा  ७ डोल्पा | ५७७८८०.०० | ७१२५.०० |
| ३४. | गैरीकाद देखि घाटे बाट हुदै पाखेपानीसम्म घेरावार | ठुलीभेरी न.पा  १ | ९८६०७ | ९८६.०७ |
| ३५. | धार्काकाटीबाट महादेव थानसम्म घेरावार निर्माण | ठुलीभेरी न.पा  २ | १०६१९२ | १०६१.९२ |
| ३६. | उपल्लो दुनै धारादेखि घरपछाडि सम्म सिंचाई कुलो निर्माण | ठुलीभेरी न.पा  ३ | ५९१६४ | ५९१.६४ |
| ३७. | उवाबन बालीनाली संरक्षणको लागि घेरावार निर्माण | ठुलीभेरी न.पा  ४ | ७५८५१ | ७५८.५१ |
| ३८. | रोलागाड लघु जलविद्युत आयोजनाको मुहानदेखि पावर हाउस सम्मको कुलो मर्मत | ठुलीभेरी न.पा  ५ | ५००००० | ५००० |
| ३९. | ठूलाटार देखि सानाटार सम्म घोरेटो बाटो निर्माण | ठुलीभेरी न.पा  ५ | २०८४५२ | २०८४.५२ |
| ४०. | आदर्श मा.वि.देखि एयरपोर्टसम्म घोरेटो बाटो बनाउने र सरसफाई गर्ने | ठुलीभेरी न.पा  ७ | १३८०५० | १३८०.५० |
| ४१. | घट्टेखोला देखि डागीवाडा घट्टसम्म सरसफाई र डम्पिङ्गसाइट निर्माण | ठुलीभेरी न.पा  ८ | १५६२५४ | १५६२.५४ |
| ४२. | डागीबाडा ग्रामिण खानेपानी मुल संरक्षण तथा मर्मत संभार योजना निर्माण | ठुलीभेरी न.पा  ९ | २८५२०१ | २८५२.०१ |
| ४३. | भित्री खोलादेखि सिमेनी सम्मको सिंचाई कुलो मर्मत | ठुलीभेरी न.पा  १० | १०४६७५ | १०४६.७५ |
| ४४. | छिपुक देखि मुलपानी सम्म सिंचाई कुलो निर्माण | ठुलीभेरी न.पा  ११ | २२७५५४ | २२७५.५४ |
| | **जम्मा रु** | | | **२२०२६७.७४** |

३७ **योजनाको छनौट :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना बनाउदा नेपाल सरकार र प्रदेश सुशासन, वातावरण, बालमैत्री, जलबायु परिर्वतन अनुकुलन, विपद व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशिकरण जस्ता विषयलाई ध्यान दिई योजना बनाउनुपर्ने देखिन्छ । तर यस नगरपालिकाले योजना छनोट गर्दा मन्दिर निमार्ण , मर्मत र घेराबार जस्ता कार्यमा खर्च गरेको छ ।जसले गर्दा ऐनले अंगिकार गरेको नीति अनुसार योजना छनौट गरेको पाईएन ।

नगरसभाबाट पारीत गरी निम्न घेरवार काम गरेको छ । घेराबार सम्वन्धि कार्य गर्दा व्यक्ति विशेषको पनि गरेको देखिन्छ । तसर्थ परीषदले निर्णय गर्दा सार्वजनिक जग्गा मात्र गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| सि.नं. | काम | रकम |
|---|---|---|
| १ | बिडिथान मन्दिर | १९५०००० |
| २ | वलवान मोष्टा मन्दिर | ३००००० |
| ३ | नलदेउता मन्दिर | २००००० |
| ४ | मष्टा भवानी  मन्दिरमा पर्खाल निर्माण | ३००००० |
| ५ | भगवती मन्दिर निर्माण कार्य | ५००००० |
| ६ | वडवाल मस्ट मन्दिर | १०००००० |
| ७ | विडीस्थान मन्दिर | १४००००० |
| ८ | दारीबिसौना काकाचुचा सम्म घेरावार | ५००००० |
| ९ | कामीटोल घेराबार | ६००००० |
| १० | खम्मन सिंचाई घेरावार | ५००००० |
| ११ | मैनडाडा घेरावार | ५००००० |
| १२ | जडिबुटि खेतिका लागि मिक्तानी घेरावार | १०००००० |
| १३ | स्याउ खेतीका लागि लम्ना घेरावार | २५०००० |
| १४ | जाप्ला देखी लोटीया सम्म घेरावार | ५००००० |
| १५ | बारादेव घेरावार | १५०००० |
| | **जम्मा रु** | **९६५००००** |

| | | |
|---|---|---|
| ३८ | **शिविर सञ्चालन :** स्वास्थ्य शिविर सञ्चालनका लागि एक एक पाईला नामक एक संस्थालाई रु. ४४५४८५।- भुक्तानी गरेकोमा उक्त संस्था दर्ताको प्रमाण र सम्भौता पेश हुन आएन साथै उक्त शिविर कहिले कहाँ र कुन मितिमा सञ्चालन भयो र को को उपस्थित थिए, सो खुल्ने प्रमाण नदेखिएकोले उक्त खर्च पुष्टि हुने आधार पेश गर्नुपर्ने । | ४४५४८५/- |
| ३९ | **जिन्सी दाखिला भएको नदेखिएको :** आर्थिक कार्यविधि नियमावली २०६४ को परिच्छेद ६ मा भएको व्यवस्था अनुसार कार्यालयद्वारा खरिद गरिएका मालसामानहरु महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था रहेको छ । नगरपालीकाले यसवर्ष  निम्नानुसारका सामाग्री खरिद गरेकोमा  खरिद आदेश र दाखिला प्रतिवेदन संलग्न नरहेको रु | २०३०७०/- |

| गो.भौ. नं. र मिति | विवरण | रकम |
|---|---|---|
| ७६/२०७५.७.१३ | कार्यालय सामान | २७०७० |
| १७६/२०७६.३.२८ | Tablet | ११५००० |
| १८८/२०७६.३.२८ | ४ थान मोबाईल | ६१००० |
| | **जम्मा रु** | **२०३०७०** |

| | | |
|---|---|---|
| ४० | **भुक्तानी दिन वाकीको कच्चावारी नरहेको** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४० (७) चालु वजेटले नखाम्ने गरी बढी खर्च गर्न हुदैन भन्ने व्यवस्था रहेको छ । चालु वजेटले नखामेमा खर्च व्यहोर्ने भएमा वील भर्पाइ वमोविम आगामी वर्षमा भुक्तानी दिने गरि म.ले.प.फारम १८ तयार गरी कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित गराई भुक्तानी दिन बाकीको कच्चावारी तयार गरी खर्च लेख्नुपर्नेमा  सो वेगर कार्यालयले विभिन्न कर्मचारीहरुको ग्रेड र छुट तलब भनि रु. ९५९९२।- भुक्तानी लेखेकोमा म.ले.प . फा.नं. १८ पेश नभएको रु | ९५९९२/- |
| ४१ | **घरभाडा सम्बन्धमा :**नगरपालीकाले कार्यालय प्रयोजन भनि जुफालमा विभिन्न ५वटा व्यक्तिको घर र दुनैमा समेत पूरानो कार्यालय भवन रहेको घर हाल सम्म पनि भाडा वापत भुक्तानी गरीरहेको देखिन्छ । नगरपालीकाको कार्यालय जुफालमा रहेको र दुनैमा घरभाडा लिन आवश्यक देखिदैन । नगरपालीकाले यस वर्ष घरभाडा वापत रु. १२३००००।- भुक्तानी गरेको देखिन्छ । नगरपालीकाले आवश्यक मात्र घरभाडामा लिई मितव्ययिता अपनाउनु पर्ने साथै दुनै स्थित पूरानो कार्यालयमा रहेका सबै जिन्सी सामानहरु आम्दानी बाध्नुपर्ने देखिन्छ । | |

४२ **सोधभर्ना नलिएको :** कार्यालयले संघिय सरकारबाट प्राप्त सशर्त अनुदान रकम एक शिर्षकबाट अर्को शिर्षकमा सापटि लिई खर्च लेखेकोमा सो को सोधभर्ना नलिएको — २०८९४२०/-

| गो.भा.नं र मिति | खर्च लेख्नुपर्ने शिर्षक | खर्च लेखिएको शिर्षक | रकम |
|---|---|---|---|
| २३/२०७६.३.२० | आधारभुत शिक्षा | विद्यालय क्षेत्र विकास कार्यक्रम | १५६१२०९ |
| २४/२०७६.३.२० | सूचना प्रविधि | विद्यालय क्षेत्र विकास कार्यक्रम | ३०५००० |
| २५/२०७६.३.२० | आधारभुत शिक्षा | विद्यालय क्षेत्र विकास कार्यक्रम | २२३२११ |
| | | जम्मा रु | **२०८९४२०** |

४३ **नगरसभाबाट पारीत नभएका कार्यक्रमहरु :** स्थानिय सरकार सञ्चालन ऐन २०७४ अनुसार नगरपालीकाबाट सञ्चालन हुने कार्यक्रमहरु सभाबाट पारीत भई सञ्चालन हुनुपर्ने व्यवस्था रहेकोमा निम्न कार्यक्रमहरु सभाबाट पारीत वेगर सञ्चालन भएकोले नियमसंमत देखिएन । — ३४२५०००/-

| सि.नं. | योजनाको नाम | खर्च |
|---|---|---|
| १ | दुनै जुफाल, भेली, डांगीबारा | १२५०००० |
| २ | चौरी रमानादेखि मण्डप सम्म सिंचाई कुलो विशेष | १६५००० |
| ३ | रातानौरा देखि बडिफोंड सम्म घोरेटोवाटो | ४७५००० |
| ४ | सेलागाड जलविद्युत आयोजना, वडा नं. ५ | ५०००० |
| ५ | मान्म आधारभूत विद्यालय, वडा नं.७ | २८५००० |
| ६ | आर्दश मा.वि. | २८५००० |
| ७ | गौरी आवासिय विद्यालय | १९०००० |
| ८ | वाला मन्दीर सामाग्री खरिद | २५०००० |
| ९ | राहिनादेखि विफुलासम्म घेरावार गर्ने | ४७५००० |
| | **जम्मा रु** | **३४२५०००** |

४४ **आर्थिक सहायता :** नगरपालीकाले यस वर्ष आर्थिक सहायता वापत विभिन्न व्यक्तिलाई भुक्तानी दिएको छ । उक्त खर्च संघिय सरकारबाट प्राप्त अनदान बाट लेखेको छ ।आर्थिक सहायता वितरण सम्बन्धमा कार्यविधि समेत बनाएको नदेखीएकोल स्पष्ट निति बनाई पारर्दशि बनाउनु पर्दछ ।

४५ ६०।२०७५।९।२ विविध खर्च शिर्षकबाट स्याउको कलमी बिरुवा ७००० थान रु.९० का दरले गायत्री देवी फलफूल तथा जडिबुटि नर्सरी जगदूल्ला गाउँपालीका वडा नं. ५ बाट खरिद गरेकोमा उक्त बिरुवा वितरणको भरपाई पेश हुनुपर्ने — ६३००००/-

४६ **बिल भरपाई संलग्न नरहेको :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) अनुसार बजेट खर्च गर्दा विलभरपाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । निम्नानुसारको भुक्तानीमा बिल भरपाई संलग्न भएको नदेखिएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु — ३१८६८७०/-

| गो.भौ. नं. र मिति | विवरण | रकम |
|---|---|---|
| ७०/२०७५.६.१९ | जनप्रतिनिधिको भत्ता वितरण | ३६०००० |
| ७१/२०७५.६.१९ | निमित्त भत्ता | २३७७० |
| ७२/२०७५.९.२१ | अनुगमन तथा मूल्यांकन | २९१७०९ |
| ७३/२०७५.९.२१ | कार्यालय सामान | २०३९८० |
| ७४/२०७५.९.२१ | विविध खर्च | ३९२२२५ |
| ८०/२०७५.१०.२४ | विविध खर्च | १५६०० |
| ९१/२०७५.१०.२४ | अनुगमन तथा मूल्यांकन | ५५२३०० |
| ९९/२०७५.११.२ | अनुगमन तथा मूल्यांकन | २२८७०० |
| १०६/२०७५.११.७ | कार्यालय सामान र कार्यक्रम खर्च | १८४००० |
| १०७/२०७५.११.१४ | बैठक भत्ता | ७२००० |
| ११२/२०७५.१२.२१ | कार्यालय सामान | ११४७७८ |
| ११४/२०७५.१२.२१ | अनुगमन तथा मूल्यांकन | ४८७३५७ |
| ११७/२०७५.१२.२१ | कार्यालय सामान | १४६२५१ |

| | | |
|---|---|---|
| ५९/२०७५.९.२ | कार्यालय सामान | ११४२०० |
| | **जम्मा रु** | **३१८६८७०** |

४७ **स्थानिय तहका पदाधिकारीको सुविधा -** नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ जारी गरेको छ । उक्तऐनमा भएको व्यवस्था अनुसार शेफोक्सुण्डो गाउँनगरपालीकाले देहाय बमोजिम रु.६८४००००।- सुविधा वापत भुक्तानी गरेको छ ।

| सि.नं. | विवरण | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालीका सदस्य | वडा सदस्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | वार्षिकसुविधा | ४०८००० | ३६०००० | २६४०००० | १०५६००० | २३७६००० | | ६८४०००० |
| २ | अतिथि सत्कार(वार्षिक) | ० | ० | ० | ० | ० | | ० |
| ३ | स्वकिय सचिव र का.स | ० | ० | ० | ० | ० | | ० |
| जम्मा | | ४०८००० | ३६०००० | २६४०००० | १०५६००० | २३०४००० | | ६८४०००० |

४८ **योजना र कार्यान्वयन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । नगरपालिकाले आफनो क्षेत्रको एकीकृत विकास योजना तर्जमा गर्न गुरुयोजना तयार गर्नुपर्नेमा सो गरेको पाइएन ।

४९ **न्यायिक समितिको बार्षिक विवरण :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम नगरपालिकाको न्यायिक समिसिले गरेको कामको बार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । तर सो समितिको गरेको कामको बार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गरेको छैन । नगरपालीकाले पेश गरेको विवरणमा कुनै मुद्धा नपरेको उल्लेख छ ।

५० **मू.अ.कर रकम भुक्तानीको जानकारी :** मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १७ मा मू.अ.कर मा दर्ता भएको व्यवसायीले करविजक जारी गर्दा अनुसूचीमा तोकिए अनुसार रितपुर्वक गर्नु पर्दछ । निर्माण व्यवसायीले ठेक्का सम्झौता अनुसार पेश गरेको ठेक्का विल तथा नापी किताब अनुसार कार्यालयले रकम भुक्तानी दिएकोमा विभिन्न निर्माण व्यवसायीले कार्यालयबाट भुक्तानी लिएको मू.अ.कर रकम भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाएको देखिएन ।

५१ **डोर हाजिरी फाराम नियन्त्रण खाता**:कार्यालयले डोर हाजिरी फाराम नियन्त्रण खाता म.ले.प.फा.न.१७५ राख्ने गरेको छैन । यसले गर्दाकार्यालयमा के कति डोर हाजिरी फारामहरु क-कसको नाममा र कुन कामको लागि कहिले Issue भएको तथा डोर हाजिरी फारम जारी भएपछि उद्देश्य अनुसार काम भए नभएको यर्थाथ मूल्याङ्कन गर्ने अबस्था रहेन । डोर हाजिरीलाई व्यवस्थित गरीनुपर्दछ ।

५२ **मर्मत अभिलेख :** कार्यालयका मेसिन औजार एवं सवारी साधन मर्मत गर्दा राख्नुपर्ने अभिलेख (म.ले.प.फा.नं. २) राखेको पाइएन । यसबाट वर्षभरिमा के कति मेसिन औजार एवं सवारी साधन मर्मत भए र के कति रकम खर्च भयो । सो एकिन हुन नसकेकोले नगरनगरपालीकाले उक्त अभिलेख राख्न ध्यान दिनुपर्ने देखिन्छ ।

५३ **ईन्धनको लकबुक** :नगरपालीकाले ईन्धन खर्च लेख्दा सो को प्रयोजन, दुरी, मिति, र स्थान जस्ता कुराहरु प्रष्ट देखिने गरी लकबुक तयार गर्नु पर्दछ । सो सम्बन्धी अभिलेखहरु पूर्ण रुपमा अद्यावधिक गरेको नदेखिएकोले नगरपालीकाले सो सम्बन्धमा ध्यान दिनुपर्ने देखिन्छ ।

५४ **भ्रमण खर्च सम्बन्धमा:** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछी सम्बन्धित कार्यालयले अनुसूची -६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा

| | | |
|---|---|---|
| | खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नुपर्नेछ भन्ने व्यवस्था गरेको छ । तर कार्यालयले भ्रमण अभिलेख राखेको पाइएन । यसैगरी भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपश्चात नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदनसाथ आवश्यक विल भर्पाई सम्बन्धित कार्यालयमा पेश भएपश्चात मात्र रकम भुक्तानी हुने व्यवस्था छ । तर भ्रमण प्रतिवेदन कार्यालयमा पेश नगरी दैनिक भत्ता तथा भ्रमण खर्च बापतको रकम भुक्तानी भएको पाइयो । | |
| ५५ | **अनुगमन तथा मुल्यांकंन : नगर**पालिकाद्धारा यसवर्ष स्वीकृत अधिकांश कार्यक्रमहरु सडक मर्मत तथा सुधारसँग सम्वन्धित रहेका छन भने उक्त कार्यक्रमहरु विभिन्न उपभोक्ता समितिहरु मार्फत संचालन रहेका छन । उपभोक्ता समिति मार्फत संचालित कार्यक्रमहरुमा उपभोक्ताले पेश गरेको निर्माण सम्वन्धी विल रहेतापनि कतिपय त्यस्ता विलहरुमा निर्माण सामाग्रीहरुको खरीद तथा ढुवानी सम्वन्धी फुटकर विलहरु संलग्न रहेका छैनन् । उक्त निर्माण सम्वन्धी विलमा जिम्मेवार अधिकारीहरुको हस्ताक्षर जस्ता कुराहरु छुट भएको देखिएको साथै केही योजनाको सार्वजनिक परीक्षण समेत भएको नदेखिदा उपभोक्ता समिति मार्फत संचालन भएका सवै योजना तथा कार्यक्रमहरुको प्रभावकारी  अनुगमन तथा मुल्यांकन हुनुपर्दछ । | |
| ५६ | **पेश्की-**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । नगरपालिकाद्वारा संचालन हुने विभिन्न कार्यक्रमहरु कर्मचारीद्वारा संचालन हुनुपर्नेमा जनप्रतिनिधिहरुले समेत कार्यक्रम संचालन पेश्की लिई संचालन गर्ने गरेको देखिएकोले निर्वाचित जनप्रतिनिधिहरुलाई प्रशासनिक कृयाकलाप सञ्चालनका लागि पेश्की दिनु उचित तथा नियम सम्मत देखिएन ।प्राप्त विवरण अनुसार निम्नानुसारको नाममा पेश्की वाँकी देखिएकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु...... | २९९६९७२७/- |

| **मिति** | **पेश्की लिनेको नाम** | **रकम** |
|---|---|---|
| ६/४ | बेरुपानी सिंचाई आयोजना | ३३२५०० |
| ६/२३ | जुफाल माझफाल मोटर बाटो | ६००००० |
| ६/२३ | टेक वहादुर के.सी. | २५०००० |
| ७/१४ | दारिम बिसौना देखि खोर खोला सम्म | २८५०८२९ |
| ७/१४ | राधिना देखि विधौला सम्म | १५०००० |
| ८/१३ | कइलु गाइ चटान मोटर बाटो | २६००००० |
| ८/१६ | रोलाघाट जलविद्युत | ३६०००० |
| ८/१८ | फुलबारी जुफाल खानेपानी | १७०००० |
| ८/१९ | सिंचाई खानेपानी | ८३००० |
| ८/२५ | विद्युतिय घट निर्माण | २५०००० |
| ९/१ | खालिसिम घेरावार | १२०००० |
| ९/१ | कोइलागाउँ खानेपानी | १४२५०० |
| ९/१ | मिदावति घेराबार | २८५००० |
| ९/१ | मेराडांडा घेरावार | १६०००० |
| ९/१ | दाबिंग घेरावार | १९०००० |
| ९/५ | जाफना देखि लेटि सम्म | १६०००० |
| ९/५ | रुपपाटन खानेपानी | ३५०००० |
| ९/५ | कोलागाउँ खानेपानी | १५०००० |
| ९/६ | दुरगाउँ खानेपानी | ७५००० |
| ११/६ | ताना खानेपानी सिंचाई | ४२५००० |

| | | |
|---|---|---|
| ११/१४ | कृयापुत्रि भवन निर्माण | ४७४००० |
| १२/२० | रोलाघाट जलविद्युत | २५०००० |
| १२/२० | तल्लो गाउँ खेल मैदान | ६०००० |
| १२/२० | मैनधारा खानेपानी योजना | ९०००० |
| १२/२१ | काग्नि खानेपानी योजना | ४५००० |
| १२/२१ | नाउला खानेपानी | २५६५०० |
| १२/२१ | माझफाल स्वास्थ्य खानेपानी | १५०००० |
| १२/२१ | नाउला खानेपानी | २५६५०० |
| १२/२१ | माझफाल स्वास्थ्य खानेपानी | १५०००० |
| १२/२१ | इसिडि भवन मर्मत | ६०००० |
| २/९ | छेडाभिड देखि माझफाल मोटर बाटो | ३९७८००० |
| २/१२ | मोतिपूर खेलमैदान | १६६४७५१ |
| २/१२ | भिटादेखि पोरि खोला सम्म | २६०७१४७ |
| ७/२२ | सव-इन्जिनियर शिवराज शाहीलाई ढुङ्गा काट्ने मेशिन, ड्रिलिङ मेशिन र जेनेरेटर खरिद गर्न | ९९५००० |
| | तिम्ला देखि चोत्रा सम्म पदमार्ग निर्माण उपभोक्ता समिति | ४७५००० |
| | कागनि देखि ढिक्का चौर पदमार्ग निर्माण उपभोक्ता समिति | ७१२५०० |
| | रुपगाड देखि तिब्ला पदमार्ग निर्माण उपभोक्ता समिति | ४७५००० |
| | तिमाल देखि देउती देव पदमार्ग निर्माण उपभोक्ता समिति | ७१२५०० |
| ६/२०७५.६.१९ | नायव सुब्बा श्री केशव सुनार | ९५०००० |
| ७/२०७५.६.१९ | नायव सुब्बा श्री केशव सुनार | ९८०००० |
| ८/२०७५.६.१९ | नायव सुब्बा श्री केशव सुनार | ९००००० |
| ९/२०७५.६.१९ | नायव सुब्बा श्री केशव सुनार | ९९०००० |
| १०/२०७५.६.१९ | नायव सुब्बा श्री केशव सुनार | ९७०००० |
| १०/२०७५.६.१९ | नायव सुब्बा श्री केशव सुनार | २१०००० |
| | शाखा अधिकृत दिल प्रसाद रोकाय | ७८२००० |
| | दयानन्द गौड (क्षयरोग नियन्त्रण तर्फ) | ८२००० |
| | दयानन्द गौड (प्राथमिक स्वास्थ्य तर्फ) | ९००००० |
| | दयानन्द गौड (राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सञ्चार तर्फ) | ९०००० |
| | **जम्मा रु** | **२९९६९७२७** |

५७ **बढि निकासा :** निम्न विद्यालयलाई माग फारम भन्दा बढि निकासा दिएको देखियो । विद्यालयले माग गरेको भन्दा बढि निकासा दिएको रकम असुल गर्नुपर्ने । ६४३९५४/-

| सि.नं. | विद्यालय | निकासा दिनुपर्ने | भएको | बढि निकासा |
|---|---|---|---|---|
| १ | देवी आ.वि काडाताली | ४४५७०३ | ४६४९०४ | १९२०१ |
| २ | लक्ष्मी मा.वि थारगाउँ | ८४४१२४ | ८५३९२२ | ९७९८ |
| ३ | मान्म आ.वि कुम्ली | ५१३९४९ | ५२०८६० | ६९१० |
| ४ | विडिथान आ.वि जुफाल | ४०७९२८ | ४२२९२५ | १४९९७ |
| ५ | बाल मन्दिर आ.वि दूनै | ९०८३५८ | १०४३३५८ | १३५००० |
| ६ | लाली गुरास आ.वि तिप्ला | ५४५८०९ | ५८०५६० | ३४१९१ |
| ७ | शुभकामना नि.मा.वि रह | ८५३३८० | ८७४३२८ | २०९४८ |
| ८ | महादेव आ.वि लोचा | १३६५५० | १९१५४७ | ५४९९७ |
| ९ | शहिद सुक्रराजआ.वि लाहारा | ४२२६६२ | ४३७६६२ | १५००० |
| १० | हिमालय आ.वि दुर गाउँ | ६४९३१२ | ९८२२२४ | ३३२९१२ |
| | **जम्मा रु** | **५७२७७७५** | **६३७२२९०** | **६४३९५४** |

| | | |
|---|---|---|
| ५८ | **सोलार जडान :** स्वास्थ्य चौकी माझफपालमा सोलार जडान गर्न रु. ३४३०००। खर्च लेखेकोमा खरीद गरी जडान गरेको कार्यसम्पन्न प्रतिवेदन पेश नभएको साथै बिल पनि संलग्न छैन | ३४३०००/- |
| ५९ | **सोलार जडान :** स्वास्थ्य चौकी जुफालामा सोलार जडान गर्न रु. ३०००००। खर्च लेखेकोमा खरीद गरी जडान गरेको कार्यसम्पन्न प्रतिवेदन पेश नभएको साथै बिल पनि संलग्न नरहेको | ३०००००/- |
| ६० | **कानुनी परामर्श :** कानूनी सेवा लिए वापत ज्ञवाली एसोसियट फर्मलाई प्रतिस्पर्धा वेगर रु. ११९१०००। भुक्तानी गरेकोमा उक्त फर्म मु.अ. करमा दर्ता भएको नदेखिएकोले १५% ले कर कट्टा गर्नुपर्नेमा १.५ % मात्र कट्टा गरेको ले नपुग १३.५ % ले हुने रु. १६०७८५। असुल हुनुपर्ने | १६०७८५/- |
| ६०.१ | अधिवक्ता श्याम काफ्ले र खिमराज गिरीलाई जिल्ला अदालतमा बहस गरेवापत रु. २०००००। भुक्तानी गरेकोमा सो को १५ % ले हुने रु.३००००। कट्टा नगरेकोले असुल हुनुपर्ने रु. | ३००००/- |
| ६१ | यस नगरपालिकाको वडा नं. ९ मोतिपूरमा खेल मैदान निर्माण गर्न आ.व. ०७४।७५ मा रु.७ लाख खर्च भएको छ । यस खेलमैदानको ड्इङ, डिजाइन, डि.पि.आर तयार भएको छैन । नगरपालिकाले आ.व. ०७५।७६ मा रु.३५,००,०००।- बिनियोजन गरेको छ । सो खेल मैदानको लागि रु.४१,१३,५०६।५१ को लागत अनुमान तयार गरेको र नगरपालिकाले रु.३३,२९,९८१।४६, कन्टेन्जेसी रकम रु.१,९५,८८१।२६ र जनश्रमदान रु.५,८७,६४३।७९ व्यहोर्ने उल्लेख छ । उपभोक्ता समितिसँग ०७६।२।१२ मा संझौता भएको छ । संझौता अनुसार ०७६ फाल्गुन मसान्त सम्म सम्पन्न गर्नुपर्ने देखिन्छ । सो जमिनको लालपूर्जा (जग्गाभनी प्रमाण-पत्र) नगरपालिकाको नाममा भएको पाइएन । जग्गाधनी पूर्जा बेगरको जग्गामा खेलमैदान बनाउनु उपयुक्त मान्न सकिएन । मैदानको डि.पि.आर नभएको र प्रत्येक वर्ष रकम छुट्ट्याई (विनियोजन गरी) खर्च गर्ने प्रकृति अन्त्य गर्नुपर्दछ । यस उपभोक्ता समितिलाई रु.१६,६४,६५१।५३ पेश्की उपलब्ध गराएको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(५) अनुसार उपभोक्ता समिति वा समुदाय लाई संझौता रकमको बढिमा एक तिहाई रकम सम्म अग्रिम रुपमा पेश्की दिन सकिने उल्लेख भएकोमा सो नियम विपरित बढि पेश्की रकम उपलब्ध गराएको छ । | ५०१११६/- |
| ६२ | **कर कट्टी छुट भएको :**आयकर ऐन २०५८ को दफा ८९ वासिन्दा व्यक्तिले ठेक्का वा करार वापत पचास हजार रुपैया .भन्दा बढीको रकम भुक्तानी दिदा भुक्तानीको कुल रकममा १.५ प्रतिशत का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालीकाले विभिन्न भुक्तानीमा कर कट्टी गरेको भएता पनि दाखिला गरेको छैन । सो बाहेक पनि विभिन्न भुक्तानीमा करकट्टी गरेको छ भनि विश्वस्त हुन सकिएन । यस सम्बन्धमा छानविन हुनुपर्दछ ।<br>लेखापरीक्षण गर्दा देखिएका निम्नानुसारको गो.भौ. बाट कट्टा भएको रकम दाखिला नगरेको उदाहरण निम्नानुसार छन । निम्न भुक्तानीमा १.५ प्रतिशत कर कट्टा नगरेकोले कर कट्टा गरि दाखिला गर्नुपर्ने रु | १२३४५२/- |

| सि.न. | योजनाको नाम | गो भ न | जम्मा रकम | कर रकम |
|---|---|---|---|---|
| १ | कार्यालय सामान विविध वापत | | ८५०००.०० | १२७५.०० |
| २ | वि.सि खाजा घर होटल त्रिपुरा | | २२९५००.०० | ३४४२.०० |
| ३ | स्वर्गदवारी इलाक्टानिक्स | | ५५०००.०० | ८२५.०० |
| ४ | सिर्जना किराना पसल | | २२२००.०० | ३३३.०० |
| ५ | सौगात स्टेशनरी एण्ड सप्लार्यस | | ४१२७३.०० | ६१९.०० |
| ६ | ए डि केरु मिडिया प्रा.लि. | | ९२४००.०० | १३८६.०० |
| ७ | रुट एडभटाइज एण्ड आर्ट | | ९५७६०.०० | १४३६.०० |
| ८ | शिक्षा समितिको बैठक भत्ता | | १०५००.०० | १५७५.०० |
| ९ | तलब | १०३ | ११२०००.०० | ११२०.०० |

| | | | | |
|---|---|---|---|---|
| १० | लक्ष्मी जनरल स्टोर | १०० | १४४०५०.०० | २१६०.०० |
| ११ | त्रिपूरा सून्दरी यातायत | ९३ | ७३५००.०० | ७३५०.०० |
| १२ | बाक्लुङ कालिका स्टेशनरी अडर एण्ड सप्लार्यस | ६९ | २८००००.०० | ४२००.०० |
| १३ | लक्ष्मी जनरल स्टोर | ६६ | १०००००.०० | १५००.०० |
| १४ | मिशन विज्ञापन सेवा | १६३ | ५२२०६.०० | ६९३.०० |
| १५ | एक्टिभ मिडिया पा.लि. | १६२ | १०६४००.०० | १५९६.०० |
| १६ | न्यूराप्ती किनारा एण्ड सप्लार्यस | १५१ | ४१८७५.०० | ६२८.०० |
| १७ | कर्मचारीको सा.सू. कर | १४८ | १०६६१८०.०० | १००६६.८० |
| १८ | रुट एडभटाइज एण्ड आर्ट | १४७ | १०३२००.०० | १५४८.०० |
| १९ | एक एक पाइला | १४६ | ४०००००.०० | ६०००.०० |
| २० | के पुब्लिकेसन एण्ड पिटि सर्पोट | १४३ | ४००००.०० | ५३०.०० |
| २१ | बैठक भत्ता | १४१ | ३९०००.०० | ५८५०.०० |
| २२ | नगर शिक्षा समिति बैठक | १३९ | ३१५००.०० | ४७२५.०० |
| २३ | कार्यापालिका बैठक भत्ता | १३७ | १००००.०० | १५००.०० |
| २४ | त्रिपूरा सून्दरी यातायत | १३६ | २६०००.०० | ३९०.०० |
| २५ | निष्ठूरी आर्ट | १३२ | १०६००.०० | १५९.०० |
| २६ | हिमाली सूस्केरा अपसेट प्रेस | १२८ | २५०५००.०० | ३७५७.५० |
| २७ | लक्ष्मी जनरल स्टोर | १२६ | २३५२५०.०० | ३७९९.०० |
| २८ | त्रिपूरा सून्दरी यातायत | १२५ | १६०००.०० | २४०.०० |
| २९ | खत्री इ. हाउस वाइरिङ सेवा | १२४ | १४८६४५.०० | २२३०.०० |
| ३० | आर्थिक विकास शाखा बैठक भत्ता | १२३ | १२५००.०० | १२००.०० |
| ३१ | कर्मचारीको त.भ. सा.सू. कर | १२१ | ५०८९८६.०० | ५०८९.०० |
| ३२ | मनकामना हाइटेक | १९८ | ३११७१७.०० | ४१३८.०० |
| ३३ | खत्री जनरल अर्डर सप्लार्यस | १९७ | १५६००.०० | १२४.०० |
| ३४ | का.स. तलब | १९३ | ६५०००.०० | ६५०.०० |
| ३५ | कर्मचारी त.भ. | १९२ | ५५४२५.०० | ५५४.२५ |
| ३६ | पर्वत जनरल स्टोर | १९१ | २८१००.०० | ४२१.५० |
| ३७ | हिमाली सूस्केरा अपसेट प्रेस | १९० | ६६०००.०० | ९९०.०० |
| ३८ | मनकामना इ. हाउस | १८८ | ६१०००.०० | ८०९.०० |
| ३९ | घर भाडा | १८७ | २५५००.०० | २५५०.०० |
| ४० | त्रिपूरा सून्दरी यातायत | १८६ | ११२३०९.०० | १६८४.०० |
| ४१ | रेमन यातायत प्रा.ली. | १८५ | २५०००.०० | ३७५.०० |
| ४२ | त्रिपूरा सून्दरी यातायत | १८४ | १००००.०० | १५०.०० |
| ४३ | कर्मचारीको त.भ. सा.सू. कर | १८३ | १४५०००.०० | १४५०.०० |
| ४४ | कर्मचारीको त.भ. सा.सू. कर | १८२ | १४९३५०.०० | १४९३.०० |
| ४५ | होटल त्रिप्रा | १७७ | ५६५३०.०० | ८४८.०० |
| ४६ | वला इ. प्रा.लि. | १७६ | ११५०००.०० | १५२६.०० |
| ४७ | लक्ष्मी जनरल स्टोर | १७५ | ७२४००.०० | १०८६.०० |
| ४८ | रेमन यातायत प्रा.ली. | १७३ | ३१५००.०० | ४७२.५० |
| ४९ | घर भाडा | १७१ | २०००००.०० | २००००.०० |
| ५० | कर्मचारीको त.भ. सा.सू. कर | १७० | ४६१८५.०० | ४६१.८५ |
| ५१ | होटल रोयल | १६९ | १०१७५०.०० | १५२६.२५ |
| ५२ | कर्मचारीको त.भ. सा.सू. कर | १६८ | ५४०८४.८० | ५४०.८५ |
| ५३ | लक्ष्मी जनरल स्टोर | १६७ | १६९३००.०० | २३८९.५० |
| ५४ | पारिश्रमिक कर कट्टी | १६५ | ७०२००.०० | १९९०.०० |
| | **जम्मा रु** | | | **१२३४५२.००** |

| | | |
|---|---|---|
| ६३ | रोलाघाट-दुनै सडकको डि.पि.आर तयार गरे वापत थप यस कन्सल्टेन्सीलाई रु.५,००,०००।- भुक्तानी दिएकोमा सो दाखिला गरेको नदेखिएको रु. | ५०००००/- |
| ६४ | विद्युतिय घट्ट निर्माण गर्न उपभोक्ता समितिलाई मिति ०७५।८।२५ रु.२,५०,००० | |

| | | |
|---|---|---|
| | पेश्की दिएकोमा कुनै काम पनि नगरेको हुँदा सो रकम असुल गर्नुपर्ने रु. | २५००००/- |
| ६५ | ठूलीभेरी न.पा. जुफालमा रहेको आदर्श माध्यमिक विद्यालयलाई नमूना बिद्यालय बनाउने कार्यका लागि नगरपालिका, विद्यालय र नमूना विद्यालय निर्माण उपभोक्ता समिति बिच मिति ०७६।१।१७ मा त्रिपक्षीय संझौता भएको छ । सो भवन निर्माण, शैक्षिक क्षेत्र र व्यवस्थापन कार्यका खर्च रु. १ करोड ५० लाख नगरपालिकाले ०७६।३।१२ मा विद्यालयलाई पेश्कीको रुपमा उपलब्ध गराएको छ । सो भवनको स्थलगत निरीक्षण गर्दा ७५५ मिटर साईजका २ कोठा तल र २ कोठा पहिलो तला बनाउने गरी डिजाइन तयार गरेको छ । भूई तलाको काम मात्र भएको छ । निर्माण उपभोक्ता समितिले १:५ को अनुपातमा सिमेन्ट  र वालुवा मिलाएर वाल लगाउनु पर्नेमा १:८ को अनुपातमा सिमेन्ट वालुवा मिलाएको पाईयो । झ्याल, ढोका, बत्ति, ट्वाइलेट को काम पुरै बाँकी छ भने कोठाको सोलिङ्गको काम पुरै बाँकी रहेको पाइयो । सो भवन निर्माण स्थल बजारबाट टाढा रहेको छ । नगरपालिकाले संझौता अनुसार कामको निरन्तर अनुगमन गर्नुपर्न देखिन्छ । विद्यालयलाई उपलब्ध गराउनु पर्ने रकम कामको प्रगतिको आधारमा उपलब्ध गराउनु पर्नेमा एकमुष्ठ पेश्कीको रुपमा दिएको देखिएकोले यस तर्फ नगरपालिकाको ध्यान जानु पर्ने देखिन्छ ।  **निर्माणाधिन नमुना आदर्श माध्यमिक विद्यालय** | १५००००००/- |
| ६६ | **जुफाल-माझफाल मोटरबाटो मर्मत :** जुफाल-माझफाल मोटरबाटो मर्मत  गर्न रु. २२,६४,०३५।१८ को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग संझौता भएको छ । सो बाटोको स्थलगत निरीक्षण गर्दा च्यानेज १+२०० खण्डमा बाटो भिरालो रहेको, नाली च्यानेज बनाएको छैन । सो बाटो साँगुरो रहेको छ । रिटनिङ्ग वाल लगाउनु पर्ने स्थानमा लगाएको छैन । सो बाटोको मर्मत गराउँदा डोर हाजिर मार्फत रु.४,९६,८००।-भुक्तानी गरेकोमा आयकर ऐन २०५८ अनुसार १% सामाजिक सुरक्षा कर कट्टा गर्नुपर्नेमा नगरेकोले असुल गर्नुपर्ने रु. | ४९६८/- |

| | | |
|---|---|---|
| |  **जुफाल-माझफाल मोटरबाटो मर्मत** | |
| ६७ | **औषधी खरिद :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) अनुसार कुनैपनि खरिद कार्य गर्दा प्रतिस्पर्धालाई सिमित हुने गरी टुक्रा[२] पारी खरिद गर्न हुदैन भन्ने उल्लेख छ । त्यस्तैगरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१क) अनुसार २० लाख रुपैंया सम्मको औषधीजन्य मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था गरेको छ । तर यस नगरपालिकामा स्वास्थ्य संयोजक श्री दयानन्द गौडेलाई पटक[२] सोझै युनिक मेडिसिन डिष्ट्रीव्युटर्स नेपालगञ्जबाट ४ पटकमा रु.२६,६२,६००।-र एल.बि.मेडिसिन्स प्रा.ली.बाट रु.५ लाख गरी रु.३१,६२,६००।- बराबर मूल्यको औषधि खरिद गरेको छ । औषधिको स्पेशीफिकेशन अनुसार भए/नभएको कुनै परीक्षण गरेको छैन । यसरी नियममा भएको व्यवस्था विपरित पटकपटक सिधै औषधि खरिद गरेको देखिएकोले अनियमित देखिएको रु. | ३१६२६००/- |
| ६८ | स्वास्थ्य संयोजक श्री दयानन्द गौडले पेश्की फछ्र्यौट गर्दा यूनिक डिष्ट्रीव्युटर्स नेपालगञ्जबाट ३६ आईटम औषधि खरिद गरी माझफाल, रह र जुफाल हे.पो.मा माग फारमको आधारमा औषधि उपलब्ध गराएको पाईयो । खरिद भएका ति औषधिहरु हेल्थपोष्टले हस्तान्तरण गरी जिन्सी दाखिला गरेको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ५०००००/- |
| ६९ | स्वास्थ्य संयोजक श्री दयानन्द गौडले जिल्ला अस्पतालको लागि निम्न सामाग्री खरिद गरेकोमा अस्पतालमा हस्तान्तरण भै अस्पतालको जिन्सी रजिष्टरमा दाखिला गरेको प्रमाण पेश गर्ने तथा मर्मतको हकमा जिल्ला अस्पतालबाट प्रमाणित भएको कागजात पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ३८५०००/- |

| अस्पतालको लागि सामाग्री | परिमाण | रकम |
|---|---|---|
| जेनेरेटर मर्मत | — | २०००० |
| विजुली मर्मत | — | ४५००० |
| पेट्रोल | ४०० लि. | १००००० |
| मट्टीतेल | २०० लि. | १००००० |
| हर्पिक | १०० वटा | ४०००० |
| फिनेल | १०० वटा | ५०००० |
| फोटोकपि पेपर | १० रिम | १०००० |
| लुगाधुने सावुन | २०० वटा | १०००० |
| नुहाउने सावुन | २०० वटा | १०००० |
| | **जम्मा रु** | **३८५०००** |

| | | |
|---|---|---|
| ७० | स्वास्थ्य संयोजक श्री दयानन्द गौडले पेश्की फछ्र्यौट गर्दा जिल्ला अस्पतालको कम्पाउण्डवाल मर्मत गर्दा रु.४,७१,३०४।४७ खर्च भएको भनि कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छ । सो स्थानको स्थलगत निरीक्षण गर्दा अस्पतालको पछाडीपट्टि सुक्खा गारोको कम्पाउण्ड वाल भत्केकोमा सामान्य मर्मत गरेको देखिन्छ । प्राविधिकबाट नापजाँच गरेको कार्यसम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु | ४७१३०४/४७ |
| ७१ | **प्रमाण पेश गर्नुपर्ने :** निम्न विद्यालयका शिक्षकलाई आ.व. ०७४।७५ को छुट पोशाक | |

| | | |
|---|---|---|
| | भत्ता भनि भुक्तानी दिएकोमा म.ले.प.फा.नं. १८ कोलेनिकाबाट प्रमाणित गरी राख्नु पर्नेमा सो विपरित भुक्तानी दिएकोमा प्रमाण पेश गर्नुपर्ने रु. | ३७५००/- |

| विद्यालयको नाम | शिक्षकको नाम | भुक्तानी रकम |
|---|---|---|
| मान्म आधारभूत विद्यालय | श्री विश्व रोकाया | ७५०० |
| मान्म आधारभूत विद्यालय | श्री जयकृष्ण हमाल | ७५०० |
| मान्म आधारभूत विद्यालय | श्री भगवती रोकाया | ७५०० |
| शुक्रराज आधारभूत विद्यालय | श्री दलबहादुर जि.सी. | १५००० |
| | **जम्मा रु** | **३७५००** |

| | | |
|---|---|---|
| ७२ | **श्रेष्ता पेश नभएको :** लेखापरीक्षणको क्रममा निम्न गोश्वरा भौचरबाट भएको खर्चको श्रेष्ता पेश भएको छैन | २०५००००/- |

| गो.भा.नं.र मिति | विवरण | रकम |
|---|---|---|
| १६/२०७५.६.२३ | बिडि मन्दिर निर्माण | ९००००० |
| १७/२०७५.६.२३ | जुफाल माझफाल मोटरबाटो निर्माण | ६००००० |
| १८/२०७५.६.२३ | बाला त्रिपुरा सुन्दरी मन्दिर मर्मत | २५०००० |
| ४३/२०७५.८.२८ | गौरी आधारभुत विद्यालय भवन मर्मत | ३००००० |
| | | **२०५००००** |

| | | |
|---|---|---|
| ७३ | नासु केशवराज सुनारले फर्नीचर खरिद गरी रु. ६८००००।- को पेश्कि फछर्योट भएको फाँटवारी परीक्षण गर्दा रु. १९२५०।- बढि भुक्तानी भएको रकम असुल हुनुपर्ने रु | १९२५०/- |
| ७४ | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) अनुसार रु. १ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख भएकोमा नगरपालीकाले उक्त नियमको वेवास्ता गदै दारी विसौना देखि खोर खोला सम्मको मोटर बाटो निर्माण गर्न रु. १०३४३०१५।७६ को लागत अनुमान तयार गरी मिति २०७५।७।१४ मा उपभोक्ता समितिसँग सम्झौता भएको छ । उक्त समितिलाई रु. २८५०८२९- पेश्की उपलब्ध गराएको मा आ.व.को अन्त्य सम्म फछर्योट भएको छैन । सम्झौता अनुसार २०७६।२।३१ सम्म कार्यसम्पन्न गर्नुपर्नेमा गरेको छैन र म्याद थप पनि भएको छैन । | |
| ७५ | **आन्तरीक लेखापरीक्षणद्वारा औल्याईएका व्यहोराहरु :**<br>- **शिक्षा तथा मानव श्रोत तर्फ :** यस शिर्षकमा आन्तरीक लेखापरीक्षणद्वारा रु. ६००००।-पेश्की बाँकी रहेको साथै उक्त पेश्की लिने व्यक्तिको नाम नामेसी नखुलेको भनि उल्लेख भएकोले उक्त व्यहोरा कायम गरीएको छ । यस सम्बन्धमा छानविन हुनुपर्दछ ।<br>- **माटो परीक्षणतर्फ :** यस शिर्षकमा आन्तरीक लेखापरीक्षणद्वारा रु. ४००००।- पेश्की बाँकी रहेको साथै उक्त पेश्की लिने व्यक्तिको नाम नामेसी नखुलेको भनि उल्लेख भएकोले उक्त व्यहोरा कायम गरीएको छ । यस सम्बन्धमा छानविन हुनुपर्दछ ।<br>- **सहकारी खेती तथा साना सिंचाईतर्फ :** यस शिर्षकमा आन्तरीक लेखापरीक्षणद्वारा रु. ८१००००।-पेश्की बाँकी रहेको साथै उक्त पेश्की लिने व्यक्तिको नाम नामेसी नखुलेको भनि उल्लेख भएकोले उक्त व्यहोरा कायम गरीएको छ । यस सम्बन्धमा छानविन हुनुपर्दछ ।<br>- **कृषक पाठशालातर्फ :** यस शिर्षकमा आन्तरीक लेखापरीक्षणद्वारा रु. २०००००।-पेश्की बाँकी रहेको साथै उक्त पेश्की लिने व्यक्तिको नाम नामेसी नखुलेको भनि उल्लेख भएकोले उक्त व्यहोरा कायम गरीएको छ । यस सम्बन्धमा छानविन हुनुपर्दछ ।<br>- **कृषि विभागतर्फ :** यस शिर्षकमा आन्तरीक लेखापरीक्षणद्वारा रु. ६०८०००।- पेश्की बाँकी रहेको साथै उक्त पेश्की लिने व्यक्तिको नाम नामेसी नखुलेको | ६००००/-<br>४००००/-<br>८१००००/-<br>२०००००/-<br>६०८०००/- |

| | | |
|---|---|---|
| | भनि उल्लेख भएकोले उक्त व्यहोरा कायम गरीएको छ । यस सम्बन्धमा छानविन हुनुपर्दछ । | |
| ७६ | **विद्यालय क्षेत्र विकास कार्यक्रम :** नगरपालीका अर्न्तगतका विभिन्न २४ वटा विद्यालयलाई दिवा खाजा, छात्रवृति ,पाठयक्रम , आई.सि.टि र ल्याब लगायतको अनुदान दिदा विद्यार्थी संख्या नखुलाई एकमुष्ट निकासा दिएको देखियो । सो सम्बन्धमा नगरपालीकाद्वारा प्रभावकारी अनुगमन निरीक्षण हुनुपर्दछ । | |
| ७७ | स्वास्थ्य संयोजक श्री दयानन्द गौडको पेश्की फछर्यौटको फाँटवारी परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानसार छन : <br>- वडा नं. ११ रहमा २०७५।१२।२८ देखि २०७६।१।२२ सम्म स्वास्थ्य शिविर सञ्चालन गर्दा याल.बि. मेडिसेल्स प्रा.लि बाट रु. ५ लाख को औषधि खरिद गरीएको छ । उक्त शिविरमा खरिद भएका औषधिका खर्चको विवरण पेश भएको छैन । <br>- उक्त शिविरमा १६ जना कर्मचारीलाइ आतेजाते, दैनिक भत्ता , खाजा समेत रु. ८९९२५- खर्च देखाएकोमा बिल भरपाई भन्दा रु. १२२५०।- बढि भुक्तानी भएको रकम असुल हुनुपर्ने रु ................................................ <br>- डोल्पा अस्पतालमा ०७५।११।१४ देखि २०७५।११।२० सम्म स्वास्थ्य शिविर सञ्चालन गर्दा युनिक मेडिसिन डिर्सट्रिब्युटर्स नेपालगञ्जबाट रु. ५ लाख को औषधि खरिद गरीएको छ । उक्त शिविरमा खरिद भएका औषधिको खर्चको विवरण पेश भएको छैन । <br>- वडा नं. ५ माझफालमा २०७५।११।१६ देखि २०७५।११।१८ सम्म स्वास्थ्य शिविर सञ्चालन गर्दा युनिक मेडिसिन डिर्सट्रिब्युटर्स नेपालगञ्जबाट रु. ५ लाख को औषधि खरिद गरीएको छ । उक्त शिविरमा खरिद भएका औषधिका खर्चको विवरण पेश भएको छैन । साथै बिल भरपाई भन्दा रु. ३९३४०।- बढि भुक्तानी भएको रकम असुल हुनुपर्ने रु......................... <br>- युनिक मेडिसिन डिर्सट्रिब्युटर्स नेपालगञ्जबाट रु ५ लाखका विभिन्न ३६ आईटम औषधि खरिद गरी जुफाल हे.पो, रह हे.पो.,र माझफाल हे.पो लाई मागफारमको आधारमा औषधि उपलब्ध गराईएको छ । सो औषधि सम्बन्धित हे.पो बाट जिन्सी आम्दानी बाधेको प्रमाण पेश भएन । <br>- रह हे.पो., माझफाल हे.पो र सुरगाउँ हे.पो मा घुम्ति खोप कार्यक्रममा BCG, DPT , TT, Measles लगायतका औषधि वितरण र खोप लगाएकोमा सो शिविरको लागि विभिन्न उपकरण खरिद गरेको मध्ये रिङपेशरी रु. २२०००।- को , पाठेघर राख्ने मेसिन र स्तनपानका सामग्री रु. ६४०००।- को खरिद गरेको छ । उक्त शिविर पश्चात सामग्रीहरु अस्पतालमा हस्तान्तरण गरेको दाखिला प्रतिवेदन पेश हुनुपर्दछ । रु................................ <br>- खानेपानी गुणस्तर निगरानी कार्यक्रम अर्न्तगत खानेपानी ट्याङ्कीको वस्तुस्थिति बारे प्रतिवेदन तयार गरी ट्याङ्कीमा बिलिचिङ्ग पाउडर राखेको , गाईवस्तुबाट संकलन गरेको , खानेपानी ट्याङ्कीमा टुटफुट मर्मत गरेको भनि रु. ९२०००।- खर्च लेखेकोमा सो काम भएनभएको बारे उपभोक्ता समितिले खर्च रकमको सार्वजनिक लेखापरीक्षण गराउनुपर्ने देखिन्छ । <br>- स्वास्थ्य संयोजक श्री दयानन्द गौडको पेश्की फछर्यौट गर्दा कन्टेनर , बाटा , ट्ली र बाल्टी खरिद गरेको भनि रु. १६००००।- खर्च लेखेकोमा रु. १४१३५०।- को मात्र बिल भरपाई रहेकोले बिल भरपाई भन्दा रु. १८६५०।- बढि भुक्तानी भएको रकम असुल हुनुपर्ने | १२२५०/-<br>३९३४०/-<br>८६०००/-<br>१८६५०/- |

| | | |
|---|---|---|
| | रु.................................<br>- लक्ष्मी माध्यमिक विद्यालयकि शिक्षिका श्री लक्ष्मी कुमारी डाँगीलाई २०७४ चैत्र देखि २०७५ आषाढ सम्मको छुट तलब भनि रु. १३६०००।- निकासा दिएकोमा सो को प्रमाणित म.ले.प.फा.नं. १८ पेश हुनुपर्नेमा पेश नभएको रु......................... | १३६०००/- |
| ७८ | **वित्तीय जवाफदेहिता मूल्यांकन**: सुशासनको अभिवृद्धि र विश्वमा प्रचलित असल अभ्यासको आधारमा वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व सम्बन्धी स्थितिको मूल्यांकन गर्न तोकिएका सूचकको आधारमा मूल्यांकन गरी सो को आधारमा निकायको स्तर वर्गीकरण गर्ने सम्बन्धमा व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन र विकास निर्माण सम्बन्धमा लेखापरीक्षणको शिलशिलामा मूल्यांकन गर्दा कूल १०० अंक मध्ये ६६ अंक प्राप्त गरी ग्रेड " बि" प्राप्त गरेको पाइएको छ। अन्य विषयमा समेत सुधार गर्नुपर्दछ। | |
| ७९ | **बेरुजु तथा सम्परीक्षण-** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ मा लेखापरीक्षणबाट औंल्याइएको बेरुजूको सम्बन्धमा सम्बन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ। कार्यालद्वारा फछ्र्यौट हुन बाँकी बेरुजुको विवरण पेश भएन। वाँकी वेरुजु असुल फछ्र्यौट हुनुपर्दछ। | |

*अनुसूची १*

## ठुलीभेरी नगरपालिकाको सञ्चित कोष विवरण
## आर्थिक वर्ष २०७५/७६

*(रु. हजारमा)*

| क्र.सं. | स्थानीय तह | | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गतवर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५(२+३+४) | ६ | ७ | ८ | ९(६+७+८) | १०(१+५-९) |
| १ | ठुलीभेरी नगरपालिका | डोल्पा | २१९ | ६९३०० | १७३२२२ | ६६९१ | २४९२१३ | १४३९०४ | ६९३०० | २३८५० | २३७०५४ | १२३७८ |

*अनुसूची २*

## ठुलीभेरी नगरपालिकाको यो वर्षको बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)
## आर्थिक वर्ष २०७५/७६

*(रु. हजारमा)*

| सि.न. | स्थानीय तहको नाम | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछर्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | ठुलीभेरी नगरपालिका | डोल्पा | ४३ | ३५ | ६६७५७ | ० | ० | ० | ४३ | ३५ | ६६७५७ | १४९१ | २२०८९ | १३२०७ | ० | ० | ३५२९६ | ० | २९९७० | २९९७० |

**अनुसूची ३**

## अद्यावधिक वेरुजू स्थिति

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | ठुलीभेरी नगरपालिका | डोल्पा | ९९३६१ | ० | ९९३६१ | ० | ६६७५७ | १६६११८ |